# जगन्नाथ राजपत्र

जगन्नाथ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ४ मिति २०८२ भाद्र १२ गते

## भाग २

## जगन्नाथ गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको गाउँ सभा नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ उपदफा (५) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**जगन्नाथ गाउँपालिकाको शिक्षण अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२**

**प्रस्तावना:**

नेपालको संविधानको कार्यान्वयनसंगै देश संघियतामा गएपछि आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहमा आइ आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर उकास्नका लागि स्थानीय तहको मुख्य जिम्मेवारी हुन पुगेको छ। जगन्नाथ गाउँपालिका अन्तर्गत संचालित अधिकांश सामुदायिक विद्यालयहरुमा विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी अभाव भएकाले शिक्षक दरबन्दी अभावको समस्या न्युनीकरण गरी सिकाइमा गुणस्तर ल्याउन वाञ्छनिय भएकाले जगन्नाथ गाउँपालिका गाउँकार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (११) को उपदफा (७) र जगन्नाथ गाउँपालिकाको स्थानिय शिक्षा ऐन,२०८० को दफा (२५) र (४७) ले दिएको दिएको अधिकार प्रयोग गरी जगन्नाथ गाउँपालिकाको शिक्षण अनुदान व्यवस्थापन कार्यविधि, २०८२ कार्यविधि बनाइ लागू गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "जगन्नाथ गाउँपालिकाको शिक्षण अनुदान व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि जगन्नाथ गाउँपालिका भरी लागू हुनेछ।

(ग) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका' भन्नाले जगन्नाथ गाउँपालिका सम्झनुपर्छ।

(ख) "गाउँ सभा' भन्नाले जगन्नाथ गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ।

(ग) 'कार्यपालिका' भन्नाले जगन्नाथ गाउँपालिका गाउँकार्यपालिकालाई सम्झिनुपर्छ।

(घ) 'ऐन' भन्नाले शिक्षा ऐन, २०२८ र जगन्नाथ गाउँपालिकाको स्थानीय शिक्षा ऐन,२०८० समेतलाई सम्झनु पर्छ।

(ङ) नियमावली' भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनु पर्छ।

(च) 'दरबन्दी' भन्नाले संघीय सरकारबाट विद्यालयलाई प्राप्त स्वीकृत शिक्षक दरबन्दी जनाउँछ र सो शब्दले राहत अनुदान कोटा समेतलाइ जनाउँछ।

(छ) ‘शिक्षा शाखा' भन्नाले जगन्नाथ गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(ज) 'वडा' भन्नाले जगन्नाथ गाउँपालिकाका ६ वटै वडाहरुलाई सम्झनु पर्छ।

(झ) ‘विद्यालय' भन्नाले गाउँपालिकाका अन्तर्गत संचालित संस्थागत, सामुदायिक र धार्मिक विद्यालय सम्झनु पर्छ।

(ञ) ‘शिक्षण अनुदान' भन्नाले विद्यालयहरुमा शिक्षक दरबन्दी अभावलाइ कम गर्नका लागि प्रति शिक्षकका दरले गाउँपालिकाबाट त्रैमासिक रुपमा विद्यालयलाई दिइने अनुदान सम्झनु पर्छ।

(ट) ‘विद्यालय व्यवस्थापन समिति' भन्नाले जगन्नाथ गाउँपालिका क्षेत्रभित्रका शिक्षण अनुदान पाउने विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ठ) 'तोकिएको वा 'तोकिए बमोजिम' भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२

## शिक्षक अनुदानका शिर्षक सम्बन्धी व्यवस्था

**३.** यस गाउँपालिकाको गाउँ सभाबाट शिक्षा, युवा तथा खेलकुद शाखा वा वडाको बार्षिक बजेटमा गाउँपालिका शिक्षक वा शिक्षण अनुदान व्यवस्थापन शिर्षकमा बजेटको व्यवस्था गरी स्वीकृत गराउनु पर्नेछ।

## परिच्छेद-३

## विद्यालय छनौट तथा शिक्षण अनुदान वितरण

### ४. विद्यालय छनौटका आधारहरुः

शिक्षण अनुदान वितरणका लागि विद्यालय छनौटका आधार देहायबमोजिम हुनेछन।

(क) विद्यालयमा शून्य दरवन्दी वा विद्यार्थी अनुपातका आधारमा दरबन्दी अपुग भएको हुनुपर्ने।

(ख) विद्यालयमा कक्षागत,तहगत र बिषयगत शिक्षक दरबन्दी अपुग भएको हुनुपर्ने।

(ग) विद्यालयले नियमित रुपमा सामाजिक परीक्षण गरेको हुनुपर्ने।

(घ) विद्यालयले अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण गरेको हुनुपर्ने।

(ङ) विद्यालयले नियमित रुपमा शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनुपर्ने।

(च) विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन भएको हुनुपर्ने।

### ५. शिक्षण अनुदान वितरणः

(क) शिक्षक, विद्यार्थी अनुपातका आधारमा दरबन्दी कम रहेका विद्यालयहरुलाई विद्यालयको माग र गाउँशिक्षा समितिको सिफारिसको

आधारमा गाउँकार्यपालिकाले शिक्षण अनुदान कोटा वितरण गर्न सक्नेछ ।

(ख) दफा (क) बमोजिम वितरण गरिएका गाउँपालिका शिक्षक अनुदान कोटाहरुमा प्रचलित कानुन बमोजिम परिक्षा समितिले छनौट तथा सिफारिस गर्नुपर्नेछ ।

## परिच्छेद-४

## गाउँपालिका शिक्षण अनुदान शिक्षकको नियुक्ति,तलब भत्ता र सेवा सुविधा सम्बन्धी व्यवस्थाः

### ६. शिक्षक भर्ना तथा नियुक्ति सम्बन्धी व्यवस्थाः

विद्यालयलाई उपलब्ध शिक्षण अनुदान कोटामा शिक्षण सेवा लिँदा विद्यालयले देहाय अनुसार गर्नुपर्नेछ।

(क) विद्यार्थी संख्या अत्याधिक भएमा बाहेक सम्बन्धित तहको विषयगत शिक्षक दोहोरो नपर्ने गरि प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा शिक्षक नियुक्त गरि शिक्षा शाखालाई जानकारी दिने ।

(ख) गाउँपालिका शिक्षकको छनौट प्रक्रिया संघीय,प्रादेशिक र स्थानीय तहको प्रचलित ऐन,कानुन र कार्यविधि बमोजिम हुनेछ ।

(ग) छनोट भएका शिक्षकलाई विद्यालयले करार सम्झौता गर्ने । शिक्षण अनुदान शिक्षकको करार अवधि सामान्यतया एक शैक्षिक शत्रको लागि हुने ।

(घ) विद्यालयले आगामी वर्षहरुका लागि शिक्षण अनुदान प्राप्त हुने सुनिश्चितता भएको अवस्थामा मात्र यसै कार्यविधि अनुरुप शिक्षण सेवा

करारमा लिइएको व्यक्तिको शिक्षण कार्य सम्पादनका आधारमा प्राथमिकता दिइ पुनःशिक्षण सेवा करार गर्न सक्ने।

(ङ) शिक्षण अनुदान शिक्षक सम्बन्धी अन्य व्यवस्था गाउँकार्यपालिकाले गरेको निर्णय बमोजिम हुनेछ।

(च) दफा (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि मा.वि तह तथा आधारभुत तह (६-८) मा गणित,विज्ञान र अंग्रेजी विषयको गाउँपालिका शिक्षण अनुदान कोटामा प्रथम पटक विज्ञापन गर्दा अध्यापन अनुमतिपत्र प्राप्त शिक्षकको दरखास्त नपरेमा वा नभेटिएमा पुन: दोस्रोपटक ७ दिने विज्ञापनको सूचना प्रकाशन गर्दा सम्बन्धित तहको योग्यता पुगेका तर अध्यापन अनुमतिपत्र प्राप्त नभई दरखास्त पेश गरेका उमेद्धवारहरु मध्येबाट गाउँपालिका शिक्षण अनुदान कोटामा शिक्षक नियुक्त गर्न कुनै बाधा पर्ने छैन।

## ७. तलब भत्ता र सेवा सुविधा सम्बन्धी व्यवस्था:

(क) गाउँपालिका शिक्षण अनुदानमा कार्यरत शिक्षकहरुलाई देहाय अनुसारको मासिक पारिश्रमिक प्राप्त गर्नेछन्।

देहाय:

| क्र.स. | तह | मासिक रु | कैफियत |
|---|---|---|---|
| १ | आधारभूत(१-५) | २१,००० | |
| २ | आधारभूत(६-८) | २४,००० | |
| ३ | माद्यमिक तह(९-१०) | २९,००० | |

| | | | |
|---|---|---|---|
| ४ | माद्यमिक तह(११-१२) | ४३,६८९ | |

(ख) गाउँपालिका शिक्षण अनुदानमा कार्यरत शिक्षकहरुले बार्षिक चाडवाड खर्च र पोशाक वाफतको रकम प्राप्त गर्नेछन् ।

(ग) गाउँपालिका शिक्षण अनुदान शिक्षकहरुको पारिश्रमिक थपघट सम्वन्धी अन्य व्यवस्था गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

घ) गाउँपालिका शिक्षण अनुदान शिक्षकको सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था करार सम्झौता बमोजिम हुनेछ ।

## ८. <u>करार सम्झौता रद्द हुनेः</u>

देहायको अवस्थामा गाउँकार्यपालिकाले जुनसुकै बखत सम्बन्धित शिक्षकको करार सम्झौता रद्द गर्न सक्नेछ ।

क) करार सम्झौतामा उल्लेख गरिएका शर्तहरु पालना नगरेमा ।

ख) शिक्षक आचार संहिताको पालना नगरेमा ।

ग) विद्यालयले तोकेको अन्य कार्यहरु सन्तोषजनक रुपमा नगरेमा ।

घ) यस कार्यविधिका आधारमा प्राप्त हुने शिक्षण अनुदान रकम रोक्का भएमा ।

**परिच्छेद -५**

## <u>विभिन्न निकायको भूमिका</u>

## ९. <u>शिक्षा शाखाको भूमिकाः</u>

शिक्षण अनुदान व्यवस्थापनका लागि शिक्षा शाखाको भूमिका देहाय बमोजिम हुनेछ ।

क) शिक्षण अनुदान कोटाका लागि विद्यालयको प्राथमिकता क्रम निर्धारण गरी शिक्षा समितिमा पेशगर्ने।

ख) शिक्षण अनुदान कोटा प्राप्त विद्यालयलाई तोकिए अनुसार तहगतरुपमा शिक्षकको त.भ. हिसाब गरि विद्यालयलाई अनुदानको रुपमा निकासा दिने।

ग) छनौट भएका शिक्षकको काम कारर्वाहीको बारेमा समय समयमा अनुगमन गर्ने।

घ) शिक्षण सिकाइ सुधारका लागि विद्यालयसंग समन्वय गर्ने।

ङ) शिक्षण अनुदान शिक्षकको प्रचलित कानुन बमोजिम छनौट तथा सिफारिसको लागी विद्यालय संग समन्वय गर्ने।

ङ) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने, गराउने।

## १०. <u>वडाको भूमिकाः</u>

शिक्षण अनुदान व्यवस्थापनका लागि वडाको भूमिका देहाय बमोजिम हुनेछ।

क) वडाको बजेटबाट शिक्षण अनुदान दिनुपर्ने भएमा अनुदानका लागि विद्यालयको छनोट गर्ने।

ख) छनोट परेका विद्यालयलाई तोकिए अनुसार एकमुष्ट रकम निकासाका लागि विद्यालयलाई सहजीकरण गर्ने।

ग) शिक्षण अनुदानबाट तलव भत्ता खाने शिक्षकको छनौटमा सहजीकरण गर्ने ।

घ) शिक्षण सिकाई सुधारका लागि विद्यालय अनुगमन र निरिक्षण गरि आवश्यक समन्वय र सहयोग गर्ने।

ङ) शिक्षण अनुदानमा कार्यरत शिक्षकहरुको हाजिरी प्रमाणित गर्ने।

१**१. विद्यालयको भूमिका**ःशिक्षण अनुदान व्यवस्थापनका लागि विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ ।

क) प्रचलित ऐन, नियम अनुसार शिक्षक नियुक्तिको व्यवस्था मिलाउने ।

ख) छनोट भएका शिक्षकको करार सम्झौता गर्ने ।

ग) शिक्षकको लागि थप आचारसंहिता आवश्यक पर्ने भए सोको तयारी गरी विद्यालय व्यवस्थापन समितिवाट अनुमोदन गराइ कार्यान्वयन गर्ने ।

घ) करार सम्झौतामा उल्लेख भए अनुसारको सुविधाहरु उपलब्ध गराउने ।

ङ) शिक्षा शाखालाई प्रचलित कानुन बमोजिमका कार्य गरे,नगरेको जानकारी गराउने ।

ङ) शिक्षा शाखाको निर्देशानुसार काम गर्ने ।

## परिच्छेद-६
## व्याख्या र संशोधन

**१२.कार्यविधिको व्याख्याः** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधान वा विषयमा दुविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँकार्यपालिकाले गर्नेछ ।

**१३. बाधा अड्चन फुकाउः** स्थानीय सरकार संचालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय गाउँकार्यपालिकाले गर्नेछ ।

**१४. कार्यविधि संशोधनः** यस कार्यविधिका प्रावधानहरुमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

## परिच्छेद-७
## खारेजी र बचाउ

१५. **बाझिएमा अमान्य हुनेः** यस कार्यविधिमा उल्लेख भएका व्यवस्था तथा प्रावधान प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ।

१६. **खारेजी र बचाउः**

(१) जगन्नाथ गाउँपालिकाको स्वंयसेवक शिक्षक परिचालन कार्यविधी २०७५ खारेज गरिएको छ।

(२) यो कार्यविधि प्रारम्भ हुनुअघि स्वंयसेवक शिक्षक परिचालन कार्यविधी २०७५ बमोजिम भएगरेका सम्पुर्ण कामकार्वाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

(३) यो कार्यविधि प्रारम्भ हुनुअघि विद्यालयलाई दिएको शिक्षण अनुदान रकम यसै कार्यविधि बमोजिम दिएको मानिनेछ।

**आज्ञाले,**
रविन्द्र बहादुर शाही
निमित्त प्रमुख प्रशासकीय अधिकृत